नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं नेपाल

फोन नं. ४२५३३९५, ४२५३३९६

प.सं.

च.नं.

मितिः........................

## Colour Doppler Ultrasound Machine खरिदको लागि बोलपत्र आव्हानको सूचना

सुचना नं. Sukraraj/006/078/79

प्रथम पटक प्रकाशित मिति २०७९।०१।१६

यस शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुको चालु आ. व. ०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अस्पताललाई आवश्यक पर्ने Colour Doppler Ultrasound Machine खरिद गर्नको लागि योग्यता पुगेका इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, सप्लायर्सहरु बाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्रको सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र रु. ३०००।— (फिर्ता नहुने गरि) यस अस्पतालको काउन्टरमा जम्मा गरेको सक्कल रसिद, Colour Doppler Ultrasound Machine बिक्री वितरण तथा आपूर्ति गर्न पाउने गरि नविकरण भएको इजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्र तथा आ.व. ०७७/०७८ को कर चुक्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपी वा करमा विवरण पेश गरेको कागजातको प्रतिलिपि निवेदन साथ संलग्न राखि यस अस्पतालबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरेको बोलपत्र रित पूर्वक भरि प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं. दिनको १२ वजे भित्र यस अस्पतालमा दर्ता गराई सक्नु पर्नेछ ।दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २.०० वजे बोलपत्र दाता वा निजको प्रतिनिधीहरुको रोहबरमा खोलिने छ । निजहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र बिक्री गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलि पल्ट वा कार्यालय खुलेको दिन लाई अन्तिम दिन मानिने छ ।

४. बोलपत्रदाताले कवोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी प्रष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ र केरमेट वा थप घट गर्नुपर्ने भएमा बुझिने गरि काटी दायाँ बाँया आधिकारीक व्यक्तिको सही र फर्मको छाप लगाएको हुनुपर्ने छ । साथै बोलपत्रको जम्मा कवोल अंक समेत अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ।

५. बोलपत्र जमानत/ बापत बोलपत्र दाताले बोलपत्र खोल्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको तपसिलमा उल्लेख भए अनुसारको रकमको बैंक जमानत (विड बण्ड) पेश गर्नुपर्ने छ । नगद बुझाउन चाहने दरभाउपत्र दाताले को. ले. नि. का, त्रिपुरेश्वरको नाममा रा. बा. बैंक टेकू शाखामा यस कार्यालयको कोड नं ३७००१३५०६ धरौटी हि.नं. १७००१००१०२०३०००० मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६.आपूर्ति हुने Colour Doppler Ultrasound Machine तोकिएको Technical Specifications अनुसारको गुणस्तर भएको हुनु पर्नेछ ।

७.आपूर्ति भएको Colour Doppler Ultrasound Machine संझौता बमोजिमको अबधिमा आपुर्ति गर्नुपर्नेछ ।

८. नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा रहने छ ।

९. बोलपत्र साथ बोलपत्रदाताले खरिद कारवाही भाग लिन अयोग्य नभएको, खरीद कार्यमा आफ्नो स्वार्थ नवाझीएको र पेशा सम्वन्धि कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा व्यक्त गरेको घोषणा कागजात अनिवार्य रुपमा आधिकारिक सही छाप भएको हुनुपर्नेछ ।

CS Scanned with CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं नेपाल

फोन नं. ४२५३३९५, ४२५३३९६

प.सं.
च.नं.

मितिः.........................

१०. आपूर्ति हुने Colour Doppler Ultrasound Machine उपकपरणको गुणस्तरको चेक जाँच Technical Specifications भए/नभएको सम्बन्धमा अस्पतालबाट तोकिएको प्राविधिकबाट हुने छ। संझौता अनुसार सामान गुणस्तरीय रहेको प्राबिधिक प्रतिवेदन प्राप्त भएपछि मात्र स्विकार गरि भुक्तानी गरिनेछ ।

११. रित नपुगेको, म्याद नाघी आएको, सही छाप नभएको, केरमेट भै अंक र अक्षर नबुझिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. यस सूचनामा नपरेका कुराहरु बोलपत्र फारम तथा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३), नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

| ठे. नं. | कामको विवरण | बोलपत्रको जमानत रु. | बोलपत्र दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| ०६/०७८/०७९ | Colour Doppler Ultrasound Machine आपूर्ति गर्ने । | ८०,००० | ३,०००/- | २०७९।०२।१४ गते | २०७९।०२।१५ गते दिउसो १२.०० बजे |

२०७९।१।१५

निर्देशक
डा. मनिप्रा रावल

Scanned with CamScanner